पोखरा विश्वविद्यालय
व्यवस्थापन संकाय
डीनको कार्यालय
पोखरा लेखनाथ, कास्की

चलानी नं.:

मिति : २०७६।०३।१५

**PUMAT *(Pokhara University Management Admission Test)* को लिखित परीक्षामा उर्त्तिण हुने उम्मेदवारहरुको योग्यताक्रम सूची (Merit List) प्रकाशित गरिएको सूचना !**

मिति २०७६।०३।१४ मा सम्पन्न व्यवस्थापन संकाय अन्तरगतका Master of Business Administration (MBA)/MBA-EveningProgram(MBA-EP)/MBA-Jobholders/MBA-Finance/MBA-Global Business /EMBA कार्यक्रमका लागि सञ्चालित पूर्ण शुल्किय (Fee Paying) तर्फको लिखित परीक्षामा सफल हुने उम्मेदवारहरुको योग्यताक्रमको सूची (Merit List) यो सूचना सँगै सम्लग्न राखी सम्बन्धित सवैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

यस सम्बन्धमा निम्न विषयहरु स्पष्ट पारिएको छ ।

क) यदी कसैलाई प्रकाशित नतिजा उपर चित्त नबुझेमा वा अस्पष्ट लागेमा सो सम्बन्धमा यहि मिति २०७६।०३।१७ गते मंगलवार कार्यालय समय भित्र डीन कार्यालयमा निवेदन दिन सक्नेछन ।

ख) प्रकाशित मेरिट लिष्टमा समावेश भएका विद्यार्थीहरुले मिति २०७६।०३।२० सम्ममा आफुले अध्ययन गर्न चाहेको स्कूल/कलेजमा वा कलेजहरुमा भर्ना हुन पाउँ भनि लिखित परीक्षाको प्रवेशपत्रको प्रतिलिपी सम्लग्न गरि तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ (निवेदनको ढाँचा यसै सूचना साथ सम्लग्न छ) । कुनै विद्यार्थीले यदी आफुले PUMAT का लागि निवेदन दिएको कलेज बाहेक अन्य कलेजमा भर्नाका लागि निवेदन दिने भएमा आवश्यक कागजातहरु पुन पेश गर्नुपर्नेछ । यसरी एक जना विद्यार्थीले एक भन्दा बढी कलेजमा पनि भर्नाका लागि निवेदन दिन सक्नेछन् । यसप्रकार निवेदन दिंदा कुनै शुल्क लिइने छैन ।

ग) भर्नाको फाराम भर्ने मिति समाप्त भए पछि तोकिएको अवधिमा डीन कार्यालयको प्रतिनिधिको उपस्थितिमा अन्तर्वाता शुरु हुनेछ । अन्तर्वाताको लागि मिति २०७६।०३।२२ देखि २०७६।०३।२५ सम्मको अवधि निर्धारण गरिएको छ । आफ्नो कलेजमा हुने अन्तर्वार्ताको मिति र समय सम्बन्धित कलेजहरुले नै विद्यार्थीहरुलाई जानकारी गराउनु पर्नेछ ।

घ) अन्तरवार्ता सम्पन्न भएपछि सबै कलेजहरुबाट मिति २०७६।०३।२५ मा अन्तिम मेरिट लिष्ट प्रकाशित गरिनेछ । कलेजमा उपलब्ध भएको सिट संख्याका आधारमा विद्यार्थी भर्नाका लागि पहिलो सूचि (First List for Admission) र प्रतिक्षासुचि (Waiting list) प्रकाशित गरि First List का उम्मेदवारहरुलाई मिति २०७६।०३।२९ सम्ममा भर्ना हुने गरि प्रत्येक स्कूल कलेजले विद्यार्थी भर्नाका लागि सूचित् गर्नुपर्नेछ ।

ङ) तोकिएको अवधिमा पहिलो लिष्टबाट भर्ना पुरा नभई सिट खाली रहेमा प्रतिक्षा सुचि (Waiting list) मा रहेका उम्मेदवारले मध्येबाट योग्यताकम अनुसार बाँकी सिटमा कलेजहरुले भर्ना गर्नेछन् । यो प्रकृया १० दिन भित्रमा पूरा गरि भर्ना भएका विद्यार्थीको विवरण डीन कार्यालयमा बुझाउनु पर्नेछ ।

च) यसप्रकार waiting list मा रहेका सवै विद्यार्थीहरुलाई भर्नाको लागि आह्वान गरिसकेपछि पनि कुनै कलेजमा सिट खाली हुने र अन्य कलेजमा विद्यार्थीले भर्ना हुन नपाएको अवस्था रहेमा त्यस्ता सिटखाली भएका कलेजमा PUMAT पास गरेका विद्यार्थीहरुलाई भर्नाका लागि कलेजहरुले सूचना प्रकाशन गर्न सक्नेछन् । यस्तो अवस्थामा भर्नाका लागि निवेदन गर्ने विद्यार्थीको सम्बन्धित कलेजबाट पुनः अन्तरवार्ता लिइनेछ ।

छ) यस सूचनामा उल्लेख भए अनुसारका मिति तथा अवधिका सम्बन्धमा आवश्यकता अनुसार केन्द्रिय प्रवेश परीक्षा समितिले थपघट गर्न सक्नेछ ।

..............................................
संयोजक
केन्द्रिय प्रवेश परीक्षा समिति, २०७६